विधेयक संख्याः

# राष्ट्र ऋण उठाउने विधेयक

२०७९

**सङ्घीय संसद सचिवालय**

सिंहदरबार, काठमाडौं ।

# <u>उद्देश्य र कारण</u>

आर्थिक वर्ष २०७९/०८० को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

द्रष्टव्यः यो अर्थ विधेयक हो ।

(जनार्दन शर्मा 'प्रभाकर')
अर्थ मन्त्री

# <u>राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक</u>

<u>**प्रस्तावनाः**</u> आर्थिक वर्ष २०७९/०८० को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०७९" रहेको छ।

(२) यो ऐन संवत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. <u>**राष्ट्र ऋण उठाउने अधिकारः**</u> (१) आर्थिक वर्ष २०७९/०८० को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७९/०८० को अन्त्यमा अधिविकर्ष बापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रू.२,५६,००,००,००,०००।- (अक्षरेपि दुई खर्ब छपन्न अर्ब) मा नबढ्ने गरी राष्ट्र ऋण उठाउन सक्नेछ।

तर त्यसरी उठाइने राष्ट्र ऋण रकममा नेपाल सरकारले प्रचलित कानून बमोजिम लिन पाउने अधिविकर्ष रकम समावेश हुने छैन।

(२) नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कलाई आर्थिक वर्ष २०७९/०८० सम्मको तिर्न बाँकी अधिविकर्षलाई ट्रेजरी बिलमा परिणत गर्न सो बैङ्कलाई स्वीकृति दिन सक्नेछ।

(३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋणको साँवा ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ बमोजिम हुनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय